बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

*अत्यन्त जरूरी*

मिति:२०७६/०९/२१

कानून ९५ (०७६/०७७) च. न.२७६५

परिपत्रः ०९/०७६

१) इजाजतपत्र प्राप्त जीबन, निर्जीबन र पुनर्बीमा कम्पनीहरू ।

२) नेपाल बीमक संघ र जीवन बीमक संघ नेपाल ।

बिषय: कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

महाशय,

नेपाल सरकारबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०७६-८१) लागू भएको तहां विदितै छ ।

उक्त राष्ट्रिय रणनीति तथा कार्ययोजनामा बीमाक्षेत्रको लागि तोकिएको जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यस समितिबाट "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)" पारित गरी लागु गरिएको छ ।

यस कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि तोकिएका जिम्मेवार र सहयोगी निकायहरूबाट यो कार्य योजना बमोजिम गर्नुपर्ने कार्यक्रमहरू एकापसमा समन्वय गरी निर्धारित अवधि भित्रै सम्पादन गरी आबधिक प्रतिबेदन समितिमा बुझाउने व्यवस्था गर्न हुन यो परिपत्र गरिएको छ ।

नोटः कार्ययोजनाको पूर्ण प्रति समितिको वेभसाईट http://nib.gov.np/circular-3/ मा अपलोड गरिएको छ ।

भवदीय,

(राजुरमण पौडेल)
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

# मन्तव्य

नेपाल सरकारले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-८१) तर्जुमा गरी मिति २०७६।०३।०७मा लागु गरी सकेको छ ।

यसको कार्यान्वयनलाई सफल बनाउन सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा बीमा क्षेत्रको जोखिमका क्षेत्रहरू पहिचान गरी सोही आधारमा सुधारका कार्यहरूलाई थप तीव्रता दिई राष्ट्रिय रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थाहरू लागु गर्न आवश्यक देखिएको छ ।

यसर्थ, नेपाल सरकारबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०७६-८१) संग समन्वय हुने गरी समितिबाट "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)"पारित गरी लागु गरिएको छ ।

यस कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार र सहयोगी निकायको रूपमा तोकिएका बीमा समिति, बीमकहरू, बीमकका व्यवसायीक संगठन सवैको उत्तिकै भूमिका रहने हुंदा सवै सम्बद्ध निकायहरूबाट यो कार्य योजना बमोजिम आ-आफ्नो निकायबाट गर्नुपर्ने कार्यक्रम अनुसार निर्धारित अवधि भित्रै कार्य सम्पादन गरी आबधिक प्रतिबेदन समितिमा बुझाउने अपेक्षा गरिएको छ ।

यसको आवधिक कार्यान्वयनबाट राष्ट्रिय रणनीति अन्तर्गत बीमा क्षेत्रको क्षेत्रगत जोखिम मुल्यांकनमा सहयोग पुग्ने, बीमा क्षेत्रमा विभिन्न आयामबाट उत्पन्न हुने जोखिमका क्षेत्रहरू पहिचान हुने, बीमा क्षेत्रलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको माध्यम बनाउनबाट रोक्न सहयोग पुग्ने भई अन्ततः राष्ट्रिय रणनीति तथा कार्य योजना कार्यान्वयनमा प्रभावकारी योगदान पुग्ने विश्वास गरिएको छ ।

२०७६।९।२१

चिरञ्जीवी चापागाँई
अध्यक्ष
बीमा समिति

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

# बीमा समिति

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

उद्देश्य नं. १ः सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित प्रणाली अवलम्बन गर्ने।

१.१ जोखिम मूल्याङ्कनलाई नियमित रूपमा अद्यावधिक गर्ने।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| १.१.१ | १.१.१ | बीमा क्षेत्रको क्षेत्रगत जोखिम मूल्याङ्कन उपसमिति गठन गर्ने । | बीमा समिति | - | २०७६ भदौमा गठन | गठन |
| १.१.२ | १.१.२ | बीमकले संस्थागत जोखिम मूल्याङ्कन सम्पन्न गरेको र उक्त मूल्याङ्कन जोखिम सापेक्ष भए/नभएको यकिन गर्ने । | वीमकहरु | बीमा समिति | २०७६ पुस | प्रतिवेदन |
| १.१.३ | १.१.३ | बीमा समितिले बीमा क्षेत्रको क्षेत्रगत र बीमकले संस्थागत जोखिम मूल्याङ्कन गर्ने र जोखिमका परिवर्तित आयाम अनुसार क्षेत्र थपघट गर्ने । | बीमा समिति | वीमकहरु | अर्धवार्षिक रुपमा नियमित | निरीक्षण प्रतिवेदन |
| १.१.४ | १.१.४ | बीमा क्षेत्रको क्षेत्रगत जोखिम मूल्याङ्कन अद्यावधिक गरी सोको प्रतिवेदन कार्यान्वयन समितिमा पेस गर्ने । | बीमा समिति | वीमकहरु | २०७६ कार्तिक | जोखिम मूल्याङ्कन तथा व्यवस्थापन नियमित रूपमा भएको |
| १.१.६ | १.१.५ | जोखिम मूल्याङ्कन एवं जोखिममा आधारित प्रणालीको आवश्यकताका विषयमा सम्बन्धित सबैलाई सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने गराउने। | बीमा समिति | वीमकहरु | नियमित | कार्यक्रम सञ्चालन भएको सङ्ख्या |

बीमा समिति–२०४९ Insurance Board-1992

## बीमा समिति

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

१.२ जोखिम मूल्याङ्कनबाट प्राप्त परिणामहरूको आधारमा नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने ।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| १.२.१ | १.२.१ | बीमकको नीति, कार्यविधि तथा कार्यक्रम जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरेको र उक्त प्रणालीले प्रभावकारी नतिजा (Outcomes) हासिल भए/नभएको निश्चित गर्ने । | बीमकहरु | बीमा समिति | बार्षिक/ नियमित | सुपरिवेक्षण प्रतिवेदनबाट यकिन भएको हुने। |
| १.२.२ | १.२.२ | बीमा समिति तथा बीमकले आ-आफ्नो नियमित कार्यमा जोखिम मूल्याङ्कनबाट प्राप्त परिणामहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने । | बीमा समिति | बीमकहरु | बार्षिक/ नियमित | प्रभावकारी कार्यान्वयन भएको नतिजा समितिमा पेस भएको हुने । |
| १.२.३ | १.२.३ | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति र कार्यविधिमा जोखिम मूल्याङ्कनका परिणामलाई प्रतिबिम्बित गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने प्रणाली सुरू गर्ने । | बीमा समिति | बीमकहरु | बार्षिक/ नियमित | व्यवस्था तथा प्रणाली अद्यावधिक गरिएको हुने |

१.३ जोखिममा आधारित प्रणालीका आधारमा स्रोतको विनियोजन तथा व्यवस्थापन गर्ने ।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| १.४.१ | १.३.१ | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा बीमकले गर्नुपर्ने कार्यहरू जोखिमका आधारमा सम्पादन हुने गरी वार्षिक वजेट तथा कार्यक्रम तय भई सोको प्रभावकारी कार्यान्वयन भए नभएको निश्चित गर्ने। | बीमा समिति | बीमकहरु | बार्षिक/ नियमित | अवस्था यकिन गरिएको सुपरिवेक्षण प्रतिवेदन । |

बीमा समिति-२०४९ Insurance Board-1992

# बीमा समिति

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

### उद्देश्य नं.२ : संस्थागत संरचना र मानब श्रोत बिकास गर्ने

२.१. : संस्थागत संरचना जनशक्ति विकास

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| २.१.१ | २.१.१ | बीमा समिति तथा बीमकहरुमा AML/CFT इकाई स्थापना गर्ने र सोको लागि आवश्यक वजेट तथा स्रोत साधन व्यवस्था गर्ने । | बीमा समिति | बीमकहरु | २०७६ पुस | AML Cellगठन भएको प्रतिवेदन |
| २.१.२ | २.१.२ | AML/CFT सम्वन्धमा समिति तथा बीमकमा कार्यरत कर्मचारीलाई तालिम, कार्यशाला गोष्ठी, सेमिनार आदिको माध्यमबाट दक्षता अभिबृद्धि गराउने । | बीमा समिति | बीमकहरु | निरन्तर | तालिम, कार्यशाला आदिको विवरण |

### उद्देश्य नं.३ : वास्तविक धनी (Beneficial Ownership) सँग सम्बन्धित सूचना सङ्कलन तथा व्यवस्थापन गर्ने ।

३.१. वास्तविक धनीसँग सम्बन्धित सूचना बहुआयामिक तरीकाले सङ्कलन गर्ने ।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ३.१.४ | ३.१.१ | बीमक र अन्य निकायमा रहेका सूचना सङकलन गर्ने, अध्यावधिक गर्ने र त्यसको एकीकृत र व्यवस्थित विवरण राख्ने व्यवस्था गर्ने । | बीमा समिति | बीमकहरु | २०७७ साउनदेखि निरन्तर | सुचना राख्ने संयन्त्र स्थापना |

बीमा समिति–२०४९ Insurance Board-1992

# बीमा समिति

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

३.२. वास्तविक धनीसँग सम्बन्धित प्रणालीको विशेष अनुगमन हुने व्यवस्था गर्ने।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ३.२.१ | ३.२.१ | बीमा व्यवसाय सम्बद्ध सूचना पहिचान, सङ्कलन, व्यवस्थापन, जोखिम मूल्याङ्कन आदि सम्बन्धमा देहाय बमोजिम गर्ने:<br>• विशेष निर्देशन जारी गर्ने।<br>• विशेष सुपरीवेक्षण मापदण्ड निर्माण गर्ने।<br>• सुपरिवेक्षण प्रतिवेदनमा यस सम्बन्धी परिच्छेद थप्ने । | बीमा समिति | बीमकहरु | २०७६ फागुन देखि निरन्तर | निर्देशन जारी ,सुपरिवेक्षण मापदण्ड , सुपरिवेक्षण प्रतिवेदन। |

३.३. वास्तविक धनी सम्बन्धी सूचनामा पहुँच दिने संयन्त्रको विकास गर्ने।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ३.३.१ | ३.३.१ | संकलित सूचना व्यवस्थित तवरले विद्युतीय माध्यममा राख्ने व्यवस्था मिलाउने । | बीमा समिति | बीमकहरु | २०७७ साउन | कम्तीमा एक्सेल फर्म्याटमा सूचना राखिएको हुने । |

बीमा समिति-२०४९ Insurance Board-1992

# बीमा समिति

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

### उद्देश्य नं. ४ : बीमा क्षेत्रको सुरक्षाका लागि निरोधात्मक तथा नियमनकारी उपायहरू लागू गर्ने ।

४.१. बीमकहरुले जोखिममा आधारित प्रणाली अवलम्बन गरेको सुनिश्चित गर्ने।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ४.१.१ | ४.१.१ | बीमकले ग्राहकको व्यवसायिक कार्यमा AML/CFT सम्बन्धी जोखिम मूल्याङ्कनको आधारलाई एकीकृत गरी नियमित रूपमा कार्य अगाडि बढाए नबढाएको निश्चित गर्ने । | बीमा समिति | बीमकहरु | निरन्तर | AML/CFT सम्बन्धी सुपरिवेक्षण प्रतिवेदन |
| ४.१.२ | ४.१.२ | ऐन,नियम र निर्देशनको सीमा भित्र रही बीमक आफैले जोखिमको आधारमा ग्राहक पहिचान विवरण तथा पद्धति निर्धारण गर्ने व्यवस्था गराउने। | बीमा समिति | बीमकहरु | २०७६ मंसिर | पद्धति निर्धारण भएको हुने । |
| ४.१.३ | ४.१.३ | बीमकले ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चित गर्ने। | बीमा समिति | बीमकहरु | २०७७ असार सम्म | कार्य भएको सुपरिवेक्षण प्रतिवेदन प्राप्त भएको हुने । |
| ४.१.४ | ४.१.४ | बीमकले ग्राहक पहिचान गर्दा एक ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने । (फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकतानुसारको थप विवरण समेत एकै ठाउँमा थप गर्न सकिने गरी) | बीमा समिति | बीमकहरु | २०७७ साउनसम्म | कार्य भएको प्रतिवेदन प्राप्त भएको हुने । |
| ४.१.५ | ४.१.५ | बीमकले ग्राहक पहिचान गर्दा बायोमेट्रिक तथा जोखिमको अधारमा (आर्टिफिसियल ईण्टेलीजेन्स) स्वतःसुचना प्राप्त हुने प्रणालीलाई अवलम्बन गराउने । | बीमा समिति | बीमकहरु | २०७७ साउन | कार्य भएको प्रतिवेदन । |
| ४.१.७ | ४.१.६ | बीमकमा आपराधिक तथा सो सँग सम्बद्ध भएको व्यक्तिको स्वामित्त्व वा | बीमा समिति | बीमकहरु/ | २०७७ साउन | मापदण्ड जारी वा परिमार्जन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियन्त्रण हुन नदिन बीमकको दर्ता/अनुमति/नवीकरण/ उल्लेख्य शेयर स्वामित्व वा उच्च व्यवस्थापनमा परिवर्तन भएको अवस्थामा लागू हुने गरी उपयुक्त मापदण्ड बनाई वा परिमार्जन गरी लागू गर्ने । | | लगानीकर्ता | /नियमित | भएको हुने। |
| ४.१.१० | ४.१.७ | बीमक संघमा AML/CFT सम्बन्धी समिति/समूह गठन गरी सो सम्बन्धी अध्ययन अनुसन्धान गर्न र असल अभ्यास विकास गराउने आदि कार्यमा भूमिका खेल्ने कार्यमा प्रोत्साहन दिने । | बीमा समिति | बीमकसंघ | २०७७ मंसिर सम्म | समिति/समूह गठन । |
| ४.१.११ | ४.१.८ | बीमकको अनुगमन प्रणली स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारोवार, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोवारको अनुगमन जोखिमका अधारमा हुने व्यवस्था सुनिश्चित गर्ने । | बीमा समिति | बीमकहरु | जोखिम अनुसार नियमित | कार्य भएको सुपरिवेक्षण प्रतिवेदन। |
| ४.१.१२ | ४.१.९ | बीमकको सञ्चालक समितिले आफ्नो AML/CFT प्रणालीले प्रभावकारी रूपमा काम गरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरेको र आवश्यक प्रतिवेदनहरू सम्बन्धित निकायमा पेस हुने गरे नगरेको निश्चित गर्ने। | बीमा समिति | बीमकहरु | २०७७ असार सम्म | कार्य भएको सुपरिवेक्षण प्रतिवेदन |
| ४.१.१३ | ४.१.१० | बीमकहरुले प्रतिवेदन वा सूचना दिनका लागि उपयुक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै देहायका विषयहरूको गुणस्तरीय प्रतिवेदन पेस गर्ने व्यवस्था निश्चित गर्नेः<br>• नियमनकारी निकायमा दिनुपर्ने सूचना वा प्रतिवेदन।<br>• वित्तीय जानकारी एकाइमा दिनुपर्ने सूचना वा प्रतिवेदन।<br>• अन्य आवश्यक सूचना वा प्रतिवेदन। | बीमा समिति | बीमकहरु | २०७७ असार सम्म | कार्य भएको सुपरिवेक्षण प्रतिवेदन |



बीमा समिति-२०४९ Insurance Board-1992

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.१४ | ४.१.११ | AML/CFT Systemsको रणनीतिक र जोखिममा आधारित कार्यान्वयन र शङ्कास्पद कारोवारको पहिचान सम्बन्धमा विशेष मार्गदर्शन जारी गर्ने । | बीमा समिति | बीमकहरु | नियमित रुपमा | मार्गदर्शन जारी |
| ४.१.१५ | ४.१.१२ | समिति तथा बीमकको कार्यात्मक क्षमता वढाउन वार्षिक कार्यक्रमहरूको आयोजना जोखिमको आधारमा गर्ने । | बीमा समिति | बीमकहरु | वार्षिक | कार्यक्रम सम्पन्न भएको प्रतिबेदन |

## ४.२. जोखिममा आधारित नियमन र सुपरिवेक्षण प्रणाली प्रभावकारी बनाउने ।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ४.२.१ | ४.२.१ | जोखिममा आधारित प्रणाली प्रभावकारी बनाउन मौजुदा निर्देशनहरूको समीक्षा गरी परिमार्जन गर्ने । | बीमा समिति | बीमकहरु | नियमित रुपमा | निर्देशन परिमार्जित । |
| ४.२.२ | ४.२.२ | बीमकको संस्थागत क्षमता र कार्य सम्पादन स्तरको आधारमा जोखिम मापन गरी नतिजा अद्यावधिक गर्ने । | बीमा समिति | बीमकहरु | नियमित रुपमा | विवरण अद्यावधिक । |
| ४.२.३ | ४.२.३ | जोखिममा आधारित प्रणालीको पालना नगर्ने बीमकलाई प्रभावकारी, आनुपातिक र निरोधात्मक कारबाही तीव्र बनाउने । | बीमा समिति | बीमकहरु | नियमित रुपमा | प्रतिबेदन/कारबाहीको आधारमा। |
| ४.२.४ | ४.२.४ | जोखिमका आधारमा देहाय अनुसार AML/CFT सम्बन्धी वृहत सुपरिवेक्षण प्रणाली अवलम्बन गर्ने<br>• सुपरिवेक्षण दिग्दर्शन तर्जुमा गर्ने, दिग्दर्शनहरूको अद्यावधिक गर्ने ।<br>• भौगोलिक उपस्थिति, जटिलता आदिका आधारमा जोखिम मापन प्रणालीको अवलम्बन गर्ने ।<br>• प्रत्येक बीमकको प्राविधिक पक्ष तथा कार्यान्वयनमा प्रभावकारिताको | बीमा समिति | बीमकहरु | नियमित रुपमा | सुपरिवेक्षण प्रणाली निर्देशन,दिग्दर्शन, प्रतिवेदन |



बीमा समिति २०४९ Insurance Board-1992

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मूल्याङ्कन गर्ने ।<br>• बीमकको संस्थागत जोखिमको आधारमा सुपरिवेक्षणको क्षेत्र, मात्रा, घनत्व, प्रकार, पद्धति आदि बढाउने वा घटाउने ।<br>• जोखिमका आधारमा AML/CFT सुपरिवेक्षण प्रतिवेदनको विस्तृत ढाँचा (Template) बनाई लागू गर्ने ।<br>• जोखिमका आधारमा बीमकको सुपरिवेक्षण रणनीति अवलम्बन गर्ने । | | | | |
| ४.२.५ | ४.२.५ | एकल बीमाशुल्क (Single Premium), बीमालेख समर्पण तथा ऋण प्रकृयामा बिशेष व्यवस्था मिलाउने । | बीमा समिति | बीमकहरु | नियमित रुपमा | सुपरीवेक्षण प्रणाली |

४.३. वित्तीय क्षेत्रको सदाचारिता प्रवर्द्धनका उपायहरू अवलम्बन गर्ने।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ४.३.१ | ४.३.१ | समितिले सदाचार नीति तर्जुमा गरी लागू गर्ने र बीमकहरुलाई पनि त्यस्तै प्रकारको नीति तर्जुमा गरी लागू गर्ने मार्गदर्शन जारी गर्ने । | बीमा समिति | बीमकहरु | २०७६ पुस देखी | जारी गरिएको सदाचार नीति |
| ४.३.२ | ४.३.२ | सदाचार नीतिको अनुगमन नियमित रूपमा गर्ने । | बीमा समिति | बीमकहरु | २०७६ पुष पछि | अनुगमन कार्य |

बीमा समिति २०... Insurance ... 1992

## बीमा समिति

### सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

**उद्देश्य नं ५: आतङ्कवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा हुने वित्तीय लगानी निवारण गर्ने ।**

**५.१. आम विनासकारी हातहतियारको निर्माणमा हुने लगानीमा सूक्ष्म निगरानी गर्ने ।**

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ५.२.१ | ५.१.१ | बीमकको नीति/कार्यविधि/मार्गदर्शनमा आतङ्कवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा थप परिच्छेद राखिएको सुनिश्चित गर्ने। | बीमा समिति | बीमकहरु | मंङसिर २०७६ | नीति/कार्यविधि/मार्गदर्शनमा अतिरिक्त परिच्छेद |
| ५.२.२ | ५.१.२ | बीमकको आतङ्कवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तार निवारणसम्बन्धी कार्यको सुपरिवेक्षणका लागि छुट्टै परिच्छेद थप गर्ने(स्थगलत/गैर स्थलगत दुबै) । | बीमा समिति | बीमकहरु | २०७७ साउन सम्म | अतिरिक्त परिच्छेद थप |
| ५.२.३ | ५.१.३ | बीमकसँग आतङ्कवादी क्रियाकलाप/ आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तिय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक सघन कार्यप्रणाली रहेको सुनिश्चित गर्ने। | बीमा समिति | बीमकहरू | फागुन २०७६ र नियमित | प्रणालीबाट तयार हुने । |
| ५.२.४ | ५.१.४ | समितिले आफ्नो अधिकारक्षेत्र भित्र रही आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी/ आम विनाशकारी हातहतियारको विस्तारमा लगानी सम्बन्धी छुट्टै निर्देशन जारी गर्ने । | बीमा समिति | बीमकहरू | २०७७ साउन | निर्देशन जारी भएको हुने । |

**५.२ आतङ्कवादी क्रियाकलापमा हुने लगानीमा बीमा क्षेत्र प्रयोग हुन नदिन नियन्त्रणात्मक कारवाहीलाई प्रभावकारी बनाउने।**

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ५.३.२ | ५.२.१ | नेपाल सरकारले पहिचान गरे बमोजिम आतङ्ककारी, आतङ्कवादी संगठन | बीमा समिति | बीमकहरु | नियमित रुपमा | पहिचान पछि कार्यान्वयन |



बीमा समिति
Insurance Board-1992

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा आतङ्कवाद वा सोमा वित्तीय लगानी गर्नेहरू तथा आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तिय लगानी गर्नेहरूको सम्पत्ति, कोष,बीमा सुविधा तथा साधानहरूबाट वञ्चित गर्ने | | | | भएको हुने। |
| ५.३.४ | ५.२.२ | आतङ्कवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका लागी बीमकहरूको अनुपालना तथा कार्यान्वयन स्तर सुनिश्चित गर्न र नियमन तथा सुपरिवेक्षणका उपायलाई प्रभावकारी बनाउने गरी मार्गदर्शन जारी गर्ने । | बीमा समिति | बीमकहरु | २०७६ चैत्र | सुपरिवेक्षण सम्बन्धी मार्गदर्शन |

उद्देश्य नं. ६ वित्तीय जानकारी एकाई संगको अन्तरसम्बन्धमा कार्यात्मक सहयोग गर्ने ।

६.१. सूचना सङ्कलन एवं विश्लेषणमा सहयोग गर्ने ।

| राष्ट्रिय रणनीतिमा भएको क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचक |
|---|---|---|---|---|---|---|
| ६.३.१ | ६.१.१ | Software Reporting प्रणालीमा सबै बीमकलाई आबद्ध हुने व्यवस्था गर्ने । | बीमा समिति | बीमकहरु | निरन्तर | Softwareमा रिपोर्टिङ भएको हुने । |
| ६.३.३ | ६.१.२ | बीमा क्षेत्रमा Software Reporting System लागू गर्ने । | बीमकहरु | बीमा समिति | २०७७ साउन | Softwareमा रिपोर्टिङ भएको हुने । |
| ६.३.६ | ६.१.३ | सबै बीमकलाई रिपोर्टिङमा पूर्ण क्रियाशील बनाउने | बीमा समिति | बीमकहरु | २०७६ मङ्सिर | रिपोर्टिङ शुरु भएको हुने |

बीमा समिति-२०४९ Insurance Board-1992

## बीमा समिति

### सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी बीमा क्षेत्रको क्षेत्रगत कार्ययोजना (२०७६-२०८१)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.३.९ | ६.१.४ | देहायका कार्य गरी रणनीतिक विश्लेषणको दायरा विस्तार गर्नेः<br>• सरकारी र गैर सरकारी क्षेत्रमा रहेका सम्बद्ध सूचना तथा तथ्याङ्क स्रोत पहिचान गर्ने<br>• आवश्यक सूचना तथा तथ्यांकको प्रकृति पहिचान गर्ने ।<br>• तथ्याङ्क संग्रह प्रणाली विकास गर्ने ।<br>• सूचना/तथ्याङ्क नियमित रूपमा प्राप्त गने प्रणालीको विकास गर्ने।<br>• जोखिम र नयाँ क्षेत्र अनुसार रणनीतिक विश्लेषणको दायरा विस्तार गर्ने।<br>• शङ्कास्पद कारोबारको प्रवृति तथा प्रकारका सम्बन्धमा नीति तथा कार्यान्वयन तहका निकाय एवं सूचक संस्थाहरू | बीमा समिति | वीमकहरु | नियमित रुपमा | सुपरिवेक्षण प्रणाली निर्देशन,दिग्दर्शन,प्रतिवेदन |
| ६.३.१० | ६.१.५ | अन्य नियमनकारी निकाय, अनुसन्धानकारी निकाय तथा सम्बद्ध सरोकारवाला निकायसँगको साझेदारीको दायरा फराकिलो पार्न सम्पर्क विन्दु कायम गर्ने, आपसी समझदारीपत्रमा हस्ताक्षर गर्ने, शङ्कास्पद कारोबार पहिचान, प्रतिवेदन तथा गुणस्तर व्यवस्थापन सम्बन्धी नियामकीय आयाम विकास लगायतका विषयमा सहयोग गर्ने । | बीमा समिति | वीमकहरु | २०७६ पुस र निरन्तर | कार्यहरु अभिलेख गरिएको हुने । |
| ६.३.१२ | ६.१.६ | समिति र बीमकहरूमा सूचना व्यवस्थापन र Software सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | बीमा समिति | बीमकहरु | निरन्तर | कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ६.३.१३ | ६.१.७ | सीमा कारोबार र शंकास्पद कारोबारको सूचना नदिने तथा गुणस्तरीय सूचना नदिने बीमक उपर गरिने आनुपातिक र निरोधात्मक कारबाहीलाई प्रभावकारी र तिव्र वनाउने । | बीमा समिति | बीमकहरु | २०७६ चैत्र | सुपरिवेक्षण सम्बन्धी मार्गदर्शन |

बीमा समिति-२०४९
Insurance Board-1992